# रोल्पा नगरपालिका
# Rolpa Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
### लिबाङ, रोल्पा
### Libang, Rolpa
### लुम्बिनी प्रदेश, नेपाल
### Lumbini Province, Nepal

प.सं./FY :- २०८२/०८३ मिति/Date :- २०८२/०५/१२

च.नं./Ref. NO : नेपाल सम्वत:- ११४५ ञलाथ्व

विषयः प्रस्ताव पेश सम्बन्धी सूचना (दोस्रो पटक प्रकाशित)।

रोल्पा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिवाङ रोल्पाको कृषि विकास शाखा तर्फ आ. व. २०८२/८३ मा स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न मिति २०८२/०४/२१ गतेको आर्थिक विकास समितिको बैठकबाट प्रस्ताव आह्वान गर्ने निर्णय भए अनुसार मिति २०८२/०५/११ सम्म इच्छुक कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरु बाट निवेदन माग गरिएकोमा आवश्यक मात्रामा निवेदन प्राप्त हुन नआएको हुँदा पेश हुन आएका निवेदनलाई कायम राख्दै उक्त अवधि भित्र निवेदन पेश नगरेका इच्छुक कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुले मिति २०८२/०५/२६ गतेसम्म निवेदन दिन सक्ने गरि म्याद थपिएकोले तोकिएको मिति भित्र निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५०% साझेदारीमा मौरी घार निर्माण फर्म स्थापना सहयोग | वटा | १ | ५०००० | मौरी घार निर्माण गर्न इच्छुक व्यक्ति रोल्पा न. पा. को स्थायी बासिन्दा भएको |
| २. | ५०% साझेदारीमा अदुवा/वेसार प्रशोधन गर्न आवश्यक सामाग्री (*कृषक समूह/सहकारीलाई मात्र*) | पटक | १ | ९०००० | बेसार पिस्ने मिल, लेबलिङ, प्याकेजिङ गर्ने सामान, सुठो बनाउन पकाउने भाँडा आदि |
| ३. | ५०% साझेदारीमा कृषि औजार मर्मत वर्क शप स्थापना | वटा | १ | ५०००० | सम्बन्धित बिषयमा तालिम लिएको र रोल्पा न. पा. को स्थायी बासिन्दा भएको |
| ४. | ५०% साझेदारीमा फलफूल काँटछाँट तथा फलफूल टिप्ने कृषि औजार वितरण | पटक | १ | १००००० | आँरी, सिकेचर, कैची वितरण |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | ५०% साझेदारीमा फलफूल नर्सरीको लागि प्लास्टिक घर निर्माण सहयोग | वटा | | १००००० | व्यवसायिक रुपमा फलफूल नर्सरी स्थापना गरेको हुनुपर्ने र प्राविधिक स्टिमेट अनुसार निर्माण गर्न लाग्ने बाँकी रकम लाभग्राहीले व्यहोर्नुपर्ने |
| ६. | कृषि पकेट विकास कार्यक्रम १० वटै वडामा सञ्चालन *(कृषक समूह/ सहकारीलाई मात्र )* | वटा | १० | २०००००० | वडा नं. १- फलफूल, वडा नं. २- तरकारी, वडा नं. ३- गँहु, वडा नं. ५- फलफूल, वडा नं. ६- तरकारी र वडा नं. ८- आलु पकेट कार्यक्रम संचालन गरिने |
| ७. | ५०% साझेदारीमा गँहु, मकै र तरकारीको मूल बीउ वितरण | पटक | १ | १००००० | बीउ उत्पादक समूह सहकारीलाई मात्र कार्यक्रममा समावेश गरिने |
| ८. | ५०% साझेदारीमा साना कृषि औजार उपकरण वितरण *(कृषक समूह/सहकारीलाई मात्र)* | वटा | ८ | ४००००० | मिनिटिलर लगायतका कृषि औजारहरु |

आवश्यक कागजातहरु

१. कृषि फार्म/कृषक समूह/ कृषि सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
२. फार्म तथा सहकारीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. समूह/ सहकारीको निर्णय ।
४. सम्वन्धित वडाको सिफारिस ।
५. नागरिकताको प्रमाण पत्र ।
६. वर्कशपको हकमा तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी ।
७. पकेट कार्यक्रमको हकमा जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
८. निवेदन ।

*थप जानकारीका लागि ९८६८६६४७१२ र ९८६६९००२४३ मा सम्पर्क गर्नुहोला ।*

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner